# म्याग्दे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः३ संख्याः१३ प्रकाशन मितिः

**भाग-२**

## जटिल प्रकृतिका असाध्य रोग लागेमा गरिने आर्थिक सहयोग(पोषणयुक्त खाना तथा यातायता खर्च वापत) सम्बन्धी कार्यविधि-२०७७

प्रमाणिकरण मितिः२०७७/०९/१६

# जटिल प्रकृतिका असाध्यरोग लागेमा गरिने आर्थिक सहयोग ( पोषणयुक्त खाना तथा यातायात खर्चवापत) सम्वन्धी कार्यविधि २०७७

कार्यपालिकामा पेश भएको मिति :२०७७/०६/२०

प्रमाणीकरण मिति : २०७७/०६/२०

**प्रस्तावनाः**

यस म्याग्दे गाउँपालिका भित्र रहेका स्थायी रुपमा वसोवास गर्ने आर्थिक अवस्था न्युन भएका व्यक्तिहरुलाई दिर्घ रोगको पहिचान गरी सोको जानकारी प्राप्त भएपछि गाउँपालिकाबाट पोषणयुक्त खाना तथा यातायात खर्चको लागि न्युनतम दिर्घरोग (असाध्यरोग) को लागि गरिने आर्थिक सहयोग सम्वन्धी कार्यका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी म्याग्दे गाउँपालिका गाउ कार्यपालीका ले देहायको कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम “असाध्य रोग आर्थिक साहायता कार्यविधि, २०७७” रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “गाउँपालिका” भन्नाले म्याग्दे गाउँपालिका सम्झनुपर्छ

(ख) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ग) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(छ) “गाउँ सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ।

(ज) “वडा कार्यलय” भन्नाले गाउँपालिका का सवै ७ वटा वडालाई जनाउँछ ।

(झ) स्वास्थ्य शाखा भन्नाले गाउँपालिका को स्वास्थ्य शाखा लाई जनाउछ ।

**३ नियमहरु**

नियम :३.१ असाध्य रोगहरु भन्नाले देहायका रोगहरुलाई जनाउदछ ।

(क) मुटुरोग ।

(ख) मृगौला सम्वन्धी रोग ।

(ग) क्यान्सर रोग ।

(घ) अल्जाईमर ।

(ङ) पार्किन्सन ।

(च) व्रेन ट्युमर ।

नियम :३.२ माथि नियम १ मा उल्लेखित रोगहरुका हकमा देहाय बमोजिम वढीमा आर्थिक सहायता प्रदान गरिनेछ ।

(क) मुटुरोग रु १० हजार

(ख) मृगौला सम्वन्धी रोग १० हजार

(ग) क्यान्सर रोग १० हजार

(घ) अल्जाईमर १० हजार

(ङ) पार्किन्सन १० हजार

(च) व्रेन ट्युमर रु १० हजार

(छ) अन्य  अध्यक्ष ज्यु वाट उपयुक्त ठहर गरेको रोग रु १० हजार

नियम : ३.३ माथी उल्लेखित रोगहरुका अलावा नेपाल सरकारले पहिचान गरेका असाध्य रोगहरुको हकमा पनि लागु हुनेछ ।

नियम :३.४ आर्थिक सहायता प्राप्त गर्नका लागि अस्पातालले रोग निदान गरेको पत्र, सहित वडा कार्यालयको सिफारिस हुनुपर्ने छ ।

नियम :३. ५ माथि पहिचान नभएका तर असाध्य प्रकृतिका रोग जसले व्यक्तिको दैनिक जिवनमा प्रत्यक्ष असर पार्ने गाउँपालिकाका अध्यक्षलाई लागेमा गाउँकार्यपालिका तथा गाउँसभाबाट अनुमोदन गर्नेगरी आर्थिक सहायता प्रदान गर्न सकिने । यसरी सहायता प्रदान गर्दा एक आर्थिक वर्षमा एक जना व्यक्तिलाई एक पटक भन्दा बढी गर्न सकिने छैन ।

नियम : ३.६ यो नियम २०७७ ०६ । २०  गते देखी लागुहुने छ ।

**४ खारेजी र वचाउ**

यस नियम को खारेजी शांशोधन गर्ने अधिकार गाउ कार्यपालीकामा रहने छ ।

म्याग्दे गाँउपालिका, तनहुँ